29.12.2025

आकाशवाणी

### 1. तमु ल्होछारको पावन अवसरमा सिक्किमका राज्यपाल.

तमु ल्होछारको पावन अवसरमा सिक्किमका राज्यपाल श्री ओम प्रकाश माथुरले राज्यवासीहरूलाई, विशेष गरी गुरुङ समुदायलाई, हार्दिक शुभकामना र बधाई व्यक्त गर्नुभएको छ। आफ्नो सन्देशमा राज्यपालले भन्नुभयो, " यो गुरुङ समुदायको उत्सव हो, जसले हामीलाई हाम्रो परम्परासँग जोड्छ र हाम्रो समृद्ध सांस्कृतिक सम्पदालाई नयाँ पुस्तासम्म पुऱ्याउँछ। राज्यपालले थप भन्नुभयो सिक्किम भारतको एक साँस्कृतिक दृष्टिले अत्यन्त समृद्ध राज्य हो, जहाँ विविध समुदायहरू सद्भाव र भ्रातृत्वका साथ बसोबास गर्छन्। भारतको शक्ति यसको विविधतामा निहित छ, र सिक्किम यस सांस्कृतिक एकताको एक उत्कृष्ट उदाहरण हो।

### 2.माघे सङ्क्रान्ति मेला–२०२६

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तमाङ आज जोरथाङ नयाबजारमा हुने माघे सङ्क्रान्ति मेला–२०२६ को तयारी सम्बन्धी अन्तिम संयोजन बैठकमा उपस्थित हुनुभयो।

यो मेला आगामी जनवरी १४ देखि २२ गतेसम्म नौ दिनसम्म सञ्चालन हुनेछ, जसले यो ऐतिहासिक उत्सवको ७१औँ वर्षको उत्सवको रूपमा चिनाउनेछ। यस वर्षको विस्तारित कार्यक्रमले हाम्रो समृद्ध संस्कृतिको धरोहर, एकता र साझा जिम्मेवारीको भावनालाई प्रतिबिम्बित गर्नेछ।

यस अवसरमा मेलाको आधिकारिक वेबसाइट, ब्रोशर, टेबल टेन्ट, तथा अखिल भारतीय मुख्यमन्त्री गोल्ड कप फुटबल प्रतियोगिताको आधिकारिक लोगो र खेल तालिका लोकार्पण गरिएको थियो।

देशभरका १६ टिमहरू समावेश हुने यस प्रतियोगिता बाहेक विभिन्न निर्वाचन क्षेत्रबीचका फुटबल प्रतियोगिता, ग्रामीण खेलकुद र म्याराथन दौड पनि मेलाको आकर्षण हुनेछन् ।

स्मरण रहोस् मेला अवधिभर नौ दिनसम्म पवित्र सन्ध्या आरती आयोजना हुने जानकारी पनि आयोजक समितिले दिएको छ ।

## 3.केन्द्रीय मन्त्रीद्वारा नाथुला, छाङ्गु ताल र पुरानो बाबा मन्दिर भ्रमण

भारत सरकारका उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण तथा नवीकरणीय ऊर्जा मन्त्री प्रल्हाद जोशीले आफ्नो औपचारिक सिक्किम भ्रमणको क्रममा गान्तोक जिल्लास्थित छाङ्गु ताल, नाथुला दर्रा र पुरानो बाबा मन्दिरको भ्रमण गर्नुभयो । सेनाका अधिकारीहरूले मन्त्री जोशीलाई नाथुला दर्राको ऐतिहासिक तथा सामरिक महत्वका बारेमा जानकारी गराएका थिए । यस क्रममा नाथुलासँग सम्बन्धित महत्वपूर्ण ऐतिहासिक घटनाक्रमहरू र भारत–चीनबीच भएका विभिन्न सम्झौताहरूको विवरण पनि प्रस्तुत गरिएको थियो । यस क्रममा सेनाका अधिकारीहरूले उच्च हिमाली क्षेत्रमा भारतीय सेनाद्वारा सीमा सुरक्षाका लागि निभाइरहेको भूमिकाबारे पनि जानकारी गराएका थिए ।

## 4. केन्द्रीय सञ्चार ब्यूरो

केन्द्रीय सञ्चार ब्यूरो CBC र प्रेस सूचना ब्यूरो PIB द्वारा आज भारत तिब्बत सीमा पुलिस (ITBP) सेक्टर मुख्यालय तादोङ्गमा “विकसित भारत @2047” विषयमा केन्द्रित दुई दिने सङ्गठित सञ्चार तथा जनसम्पर्क कार्यक्रम आयोजना गरिएको छ । कार्यक्रमका प्रमुख अतिथि भारत तिब्बत सीमा पुलिसका उप-महानिरीक्षक श्री संजीव कुमार सिंह रहेका थिए भने विशिष्ट अतिथि सेवानिवृत्त समाचार वाचिका श्रीमती उषा शर्मा उपस्थित हुनुहुन्थ्यो । सिंहले ITBP को भूमिकाबारे प्रकाश पार्दै यस प्रकारका जनसम्पर्क कार्यक्रम आयोजना गरेकोमा CBC र PIB गान्तोक टोलीलाई धन्यवाद व्यक्त गर्नुभयो ।‘माइ भारत’का उप-निदेशक मङ्गल जाखरले ‘सरदार@150’ र ‘वन्दे मातरम् १५० वर्ष’ विषयमा अन्तरक्रियात्मक सत्र सञ्चालन गर्नुभयो ।

## 5.मुख्यमन्त्री मेधावी छात्रवृत्ति

सिक्किम सरकारको शिक्षा विभागद्वारा सोरेङ जिल्लास्थित कलुक ब्लक प्रशासनिक केन्द्रमा "मुख्यमन्त्री मेधावी छात्रवृत्ति" कार्यक्रम अन्तर्गत दश दिने आवासीय शीतकालीन कोचिङ कार्यक्रम आज सम्पन्न भयो । यस कार्यक्रममा विद्यार्थीहरूका लागि प्रवेशपत्र वितरण, पारिश्रमिक प्रदान तथा अभिभावकहरूका निम्ति जानकारीमूलक सत्र समावेश भएका थिए । कुल १८ सरकारी विद्यालयबाट १३ विद्यार्थीलाई परीक्षामा सहभागीता जनाउन नामाङ्कित गरिएको छ । यो परीक्षा २०२५ जनवरी ३ तारिखका लागि निर्धारित गरिएको छ ।

## 6.नामप्रिकदाङ नामसुङ पर्व

जङ्गुमा चलिरहेको पाँच दिन लामो नामप्रिकदाङ नामसुङ पर्वको तेस्रो दिन आज उत्साहपूर्वक सम्पन्न भयो । सिक्किम विधानसभाकी उपसभामुख श्रीमती राजकुमारी थापाले राज्यका वन मन्त्री श्री पिन्छो नामग्याल लेप्चाको उपस्थितिमा कार्यक्रमको प्रमुख आतिथ्य ग्रहण गर्नुभयो । कार्यक्रमको क्रममा थापाले **स्वयं सहायता समूह, गैर–सरकारीसंस्थाहरू** तथा विभिन्न विभागद्वारा स्थापना गरिएका जैविक स्टलहरूको पनि अवलोकन गर्नुभयो।

परम्परागत खेलहरू, रङ्गीन सांस्कृतिक प्रस्तुति तथा Content Creator सम्मान गर्ने समारोहले आजको कार्यक्रमलाई थप आकर्षण प्रदान गरेको थियो ।

## 7.११ दिन लामो एसियाली फुटबल संघ 'सी' लाइसेन्स तालिम

११ दिन लामो एसियाली फुटबल संघ 'सी' लाइसेन्स तालिम हिजो गङ्तोकमा सम्पन्न भयो ।

यो तालिम अखिल भारतीय फुटबल महासङ्घको संरक्षणमा सिक्किम फुटबल सङ्घद्वारा आयोजना गरिएको थियो ।

दिसम्बर १७ देखि २८ सम्म चलेको उक्त तालिम एसियाली फुटबल संघका 'ए' लाइसेन्स कोच तथा भारतीय यू–17 टिमका सहायक प्रशिक्षक शुभम राभाले सञ्चालन गर्नुभएको थियो । सिक्किम फुटबल सङ्घद्वारा जारी विज्ञप्ति अनुसार यस कार्यक्रममा २२ जना सहभागिहरू नामांकन भएका थिए ।

यस अवसरमा सिक्किम फुटबल सङ्घका महासचिव फुर्बा शेर्पाले योग्य प्रशिक्षक पठाइदिएकोमा अखिल भारतीय फुटबल महासङ्घ प्रति हार्दिक धन्यवाद व्यक्त गर्नुभयो साथै तालिम सफलतापूर्वक सम्पन्न भएकोमा सबै सहभागिहरूलाई बधाई पनि दिनुभयो ।

उहाँले थप भन्नुभयो कि यस्ता लाइसेन्स तालिमहरू सिक्किममा बलियो कोचिङ् प्रणाली निर्माण गर्न तथा फुटबलको दीर्घकालीन विकास र स्थायित्वका लागि अत्यन्तै महत्वपूर्ण छन् ।

---------